# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड १) देवदह नगरपालिका, मितिः २०७५/०३/२६ (संख्या २**

## भाग–१

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७५ सालको ऐन नं. २

### ऐनको नाम : देवदह नगरपालिकाको विनियोजन ऐन, २०७५

नगर सभाबाट स्वीकृत मितिः २०७५/०३/२५

**<u>प्रस्तावनाः</u>** देवदह नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम देवदह नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "देवदह नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु.६२,०८,५०,०००।०० (अक्षेरुपी बैसठ्ठी करोड आठ लाख पचास हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त देवदह नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको

१० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम

| **क.सं.** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **जम्मा** |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | नगर कार्यपालिका (सामाजिक सुरक्षा भत्ता समेत) | १४८६०५ | २०७९९५ | ३५६६०० |
| २ | वडा समिति | ७२०० | ९८९५० | १०६१५० |
| ३ | बिषयगत शाखा | १०८२६७ | ४९८३३ | १५८१०० |
| | **जम्मा** | **२६४०७२** | **३५६७७८** | **६२०८५०** |

प्रमाणीकरण मिति : २०७५/०३/२६

आज्ञाले
श्रीकृष्ण नेपाल
प्रमुख प्रशासकीय अधिकृत